## दोस्रो नगर सभा २०७४।११।२७ का बैठकका पारित निर्णयहरु:

१. प्रथम नगरसभाबाट पारित भएका निम्नानुसारका योजनाहरु आ.व.०७४।[illegible] बार्षिक कार्यक्रम र विनियोजन ऐनमा भएको कूल बजेट रकम रु.६४२२८७२३०।९८ मा कुनै थप घट नहुनेगरि संसोधन गर्ने निर्णय गरियो ।

- यस नगरपालिका अन्तर्गत संचालन लागत सहभागिता (म्याचिङ फन्ड) तर्फको मिति:२०७४।१०।११ मा निर्णय भएका योजनाहरुको मा सहभा गिता लागतको कन्टिन्जेन्सी नलाग्ने ।
- सामाजिक विकास तर्फ बालबालिका लक्षित कार्यक्रम तर्फ बाल उद्धान निर्माणको लागि छुट्याईएको रु.५लाख बजेटबाट खर्च नहुने देखिएकाले सर्पदंस केन्द्र उद्घाटन कार्यक्रमको लागि १ लाख र ४ लाख स्वास्थ्य चौकीहरुको औषधी खरिदको लागि छुट्याउने ।
- लागत सहभागिता (म्याचिङ फन्डबाट) तर्फ पुर्वाधार निर्माण ५०/५० कार्यक्रम तर्फ खर्च नहुने देखएकोले ग्रेडर खरिदका लागि नपुग हुने रकम रु.१० लाख ग्रेडर खरिद शिर्षकमा थप गर्ने ।
- साना पूर्वाधार तर्फ १० लाख भन्दा माथीका सबै योजनाहरु उपभोक्ताहरु मार्फत सम्पन्न गर्ने ।
- नगर स्तरीय ठूला पुर्वाधार विकास तर्फका योजना तथा कार्यक्रम अन्तर्गत तर्फ सि.नं.१,५,८ का निम्न योजनाहरु उपभोक्ता मार्फत गर्ने ।

| सि.नं. | क्र.सं. | योजनाको नाम | वार्ड | काम | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | वीरपुर दुर्गा मन्दिर पूर्वदेखि सियालेटोल सडक | १ | सडक कालोपत्रे | ४०,००,०००।- | |
| २ | ५ | रनगाई थारु गाउँदेखि स्वा.चौकी सम्म | ३ | सडक कालोपत्रे | ४०,००,०००।- | |
| ३ | ८ | मोर्मा, पुरेना सडकको घोराही नालामा | ४ | पक्की पुल निर्माण | ३०,००,०००।- | |

- पेज नं.१२३ मा भएको योजना तथा कार्यक्रमको समयावधी योजना फरफारक गर्ने समय जेष्ठ मसान्त सम्म गर्ने व्यवस्था गर्ने ।
- घर नक्शा अभिलेख सम्धी :- पुरानो घरको घर नक्शाको अभिलेख गर्ने समयावधी २०७४ जेष्ठ मसान्त सम्म गर्ने ।
- पुरानो घरको नक्शा अभिलेख गर्दा यदी घर सम्बन्धीत ब्यक्तिको जग्गा भन्दा बाहिर परेमा बाहिर परेको घरको भाग नक्शामा उल्लेख गरी आवश्यक परेमा भत्काउने कबुलियतनामा गरी नक्सा अभिलेख गर्ने ।
- यस नगर कार्यपालिकाको कार्यालय भित्र फुल राख्ने क्यारी निर्माण, झन्डा राख्ने मन्च निर्माण, वडा कार्यालय भित्र तीनकोठा र बरन्डा मर्मत ढलाई, सुरक्षा गाढ राख्ने ठाउँ ढलान, गोलघरमा काठको थप काम को भुक्तानीका लागि रु.३०००००।– कन्टिन्जेन्सीबाट संचालित योजना तथा कार्यक्रमहरुको शिर्सक नं. १४ को नगरपालिका भित्र उद्धान पार्क निर्माण गरी बुद्धमूर्ती स्थापना शिर्सकबाट छुट्याउने ।
- नगरस्तरीय साना पूर्वाधार विकास कार्यक्रमको सिं.न.१२६ वडा नं.७ को सडक PCC ढलान निर्माण --बाबुडिहवा गाउँको दक्षिण देखि समयमाई थानसम्म भएकोमा सोही स्थानमा माटो पटान ग्राभेल, ह्युमपाईम भन्ने शिर्षकान्तरण गर्ने ।
- नगरस्तरीय साना पूर्वाधार विकास कार्यक्रमको सिं.न.१७१ वडा नं.१० मा धनकौली चोकदेखि गाउँभित्र मदरसा जाने सडक ग्राभेल तथा नाली निर्माण भन्नेलाई प्रथम नगरसभा बमोजिम स्वीकृत योजनाकै शिर्षक र सोही अनुसार गर्ने ।
- क्यान्टिन तथा कार्यालयको ट्वाईलेट निर्माण र भवनको बांकी काम को लागि (समपुरक बजेट ५०।५०) बाट रु.२,५०,०००।-बजेट छुट्याउने ।
- वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गत नदी नियन्त्रण तर्फका योजना अन्तर्गत सिं.न.२ (पेज७७) को वडा नं ३ को रनगाई गाउँको दक्षिण मा नदी नियन्त्रण गुडरुङ खोला भएकोमा बड्की खेत दुन्द्रा नदी शिर्षकान्तरण गर्ने ।
- नगर स्तरीय साना पूर्वाधार योजनाको सिं.नं.१६१ वडा नं.१० को सहदेव अहिरको घरदेखि नरेश यादवको घर मस्जिद हुँदै रामसरणको घर सम्म सडक ग्राभेल भएकोमा आयोजनाको पि.सि.सी. ढलान गर्ने गरि शिर्षक परिवर्तन गर्ने ।
- पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना दोस्रो चरणको योजना तथा कार्यक्रम संचालनको लागि सम्झौतानुसार १,३९,०००।– भएको र लागत ईस्टिमेट अनुसार केही रकम अपुग हुने भएकोलें यस रु.११,०००।– (एघार

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

(हजार थप गरी) कुल १,५०,०००।- रकम यस नगरपालिकाको आ.व.०७४।७५ को बार्षिक योजना तथा कार्यक्रममा भएको समपुरक कोष (५०/५०) बाट व्यवस्था गर्ने ।

- सामाजिक विकास तर्फ-बालबालिका लक्षित तर्फका योजना तथा कार्यक्रमहरु मध्ये सि.न. ५ को बाल बालिका सशक्तिकरण कार्यक्रम भन्ने शिर्षक लाई बाल बिकास केन्द्र बुद्धभूमी न.पा. ८ हरिहरपुरमा निर्माणका लागि (E.C.D) म्याचिङमा शिर्षकान्तरण गर्ने रकममा थपघट नगर्ने ।
- त्यसैगरि सोही कार्यक्रम तर्फको सि.नं.७ बाल प्रतियोगिता शिर्षकलाई मा.वि.स्तरीय हाजिरी जवाफ प्रतियोगितामा शिर्षकान्तरण गरी रकममा थपघट नगर्ने गरी एवान मिडिया सेन्टरको साझेदारीमा कार्यक्रम गर्ने निर्णय गरियो ।
- सामाजिक विकास तर्फको-महिला लक्षित तर्फका योजना तथा कार्यक्रम अन्तर्गत सि.नं.१०मा किशोर किशोरी स्वास्थ्य सम्बन्धी कार्यक्रम भएकोमा शिर्षक परिवर्तन गरि रक्तदान कार्यक्रम-जयबुद्ध बहुउद्देशिय सहकारी संस्था गोरुसिंगेको संयुक्त साझेदारीमा गर्ने निर्णय गरियो ।

- कार्यालय संचालन सम्बन्धी मसलन्द, मेशिनरी, फर्निचर, ईन्धन लगाएतमा बजेट अपुग भएकोले खर्च बचत हुने शिर्षकबाट झिकि सो मा तपसिल अनुसारका शिर्षकहरुबाट रकम छुट्टयाउने ।

| आवश्यक पर्ने | | | संसोधन गर्नु पर्ने | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| १ | ल्यापटप | १५०००० | | तलब बाट | १५००००० |
| २ | प्रिन्टर हेवी खालको | ३००००० | | पेज ५४ को २२५२९ पुजाखर्च | २००००० |
| ३ | टोनर, मसी, | १००००० | | पेज ५४को लेखापरिक्षण सुल्क बाट | ३००००० |
| ४ | पेपर, A3, A4, Nepali, Plastic Banding लगाएत अन्य मसलन्द | ७००००० | | औषधी उपचार कर्मचारी | २००००० |
| ५ | शाखा हरुलाई कुर्सी व्यवस्थापन | १५०००० | | | |
| ६ | दराज -याक | १३०००० | | | |
| ७ | ईन्भर्टर ब्याकप | ८०००० | | | |
| ८ | भुक्तानी बांकी (टेवुल लगाएत) | १९०००० | | | |
| ९ | भूक्तानी भएको तर हिसाव मिलान गर्नुपर्ने | २००००० | | | |
| १० | विविध | २००००० | | | |
| | **अनुमानित जम्मा** | २२००००० | | | |
| * | ईन्धन | ३००००० | | पेज नं.५४ को सरसफाई तर्फबाट | ३००००० |
| * | अतिरिक्त कार्यबापतको ओ.टी.<br>फोटोकपी प्रिन्टर (वडाहरुको लागि) | ३२००००<br>३००००० | १ | पेज ५२ को मंहगी भत्ता/खाजा भत्ता | ६२०००० |
| | **जम्मा** | ३१२०००० | | | ३१२०००० |

- वडा कार्यालयहरुको लागि आवश्यक पर्ने कुर्सिहरु खरिदको लागि रु.३,००,०००।- र छपाई खर्च रु.२,००,०००।- गरी रु.५,००,०००।- नगरपालिकाको चालु तथा प्रशासनिक खर्च तर्फको **भगिनी सम्बन्ध स्थापनका लागि विदेश भ्रमण पदाधिकारी र कर्मचारी** भन्ने शिर्सकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।
- कार्यालयको सूचना प्रकाशन कार्यक्रममा बजेट अभाव भएको र पत्रपत्रिका ऐन, नियम शिर्सकमामा खर्च नहुने देखिएकाले सो खर्च नहुने शिर्षकमा भएको रु.१,००,०००।- (एक लाख) सूचना प्रकाशन शिर्षकमा थप गर्ने निर्णय गरियो ।
- पशुसेवा शाखा तर्फको पशुपंक्षी बजार प्रबर्धन कार्यक्रम अन्तर्गतं निम्नानुसारको कार्यक्रम शिर्सकान्तरण गर्ने निर्णय गरियो ।

| **भएको** | | | **हुनुपर्ने** | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** | **सि.नं.** | **विवरण** | **रकम** |
| १ | साना मासु पसल सुधार कार्यक्रम | २५०००० | १ | औषधी खरिद | ४००००० |

नगर प्रमुख

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २ | साना डेरी पसल सुधार कार्यक्रम | २५०००० | २ | स्टेशनरी खरिद | ५५००० |
| ३ | छनौट समिति गठन | १५००० | ३ | कृतिम गर्भाधान सामाग्री खरिद | ६०००० |
| | **जम्मा** | ५१५०००।- | | | ५१५०००।- |

- स्वास्थ्य शाखा तर्फको योजना तथा कार्यक्रममा निम्नानुसारको कार्यक्रम संसोधन गर्नुपर्ने ।

| **भएको** | | | **हुनुपर्ने** | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **सि.नं.** | **विवरण** | **सि.नं.** | **विवरण** |
| १ | शहरी स्वास्थ्य क्लिनिक प्रशासनिक खर्च | १०००००।- | १ | एकिकृत स्वास्थ्य शिविर | १०००००।- |
| २ | नयाँ बर्थिङ सेन्टर स्थापना | ३०००००।- | २ | ल्याव स्थापना जयनगर | ३०००००।- |
| ३ | अति शिघ्रकुपोषण उपचारकेन्द्र स्थापना | ३०००००।- | ३ | बहुक्षेत्रीय पोषण | ३०००००।- |
| ४ | टेलिफोन महसुल, ईन्टरनेट महसुल | ८००००।- | ४ | टेलिफोन महसुल र मेशिनरी कम्प्युटर | ८००००।- |
| ५ | पूर्ण खोप घोषणा कार्यक्रम | १२००००।- | ५ | एकिकृत स्वास्थ्य सिविर | १२००००।- |
| ६ | परामर्श सेवा | ७८००००।- | ६ | अ.न.मी. रात्रीकालिन सेवा प्रोत्सान | १०००००।- |
| | | | ७ | परिवार स्वास्थ्य करार अनमी लाई थप पारिश्रमिक | ४६८००।- |

- तपसिलका योजनाहरुको बजेट स्रोत शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।
- नगर स्तरीय साना पूर्वाधार विकास तर्फको योजना तथा कार्यक्रमहरू अन्तगर्तको सि.न. ९२ मा वडा नं. ५ को नयाँ बस्ती दक्षिण टोलमा दुवै तर्फ पक्की नाली निर्माण भएकोमा बाटो ग्रावेल तथा मर्मत सम्भारमा शिर्षकान्तरण गर्ने ।

**२. निम्नानुसारका ऐन नियमहरु नगरसभावाट पारित गर्ने निर्णय गरियो ।**

- बुद्धभूमी नगरपालिकाको शिक्षा नियमावली-२०७४ ।
- बुद्धभूमी नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा ब्यवस्थित गर्न बनेको ऐन, २०७४
- बुद्धभूमी नगरपालिकाको स्थानीय कृषि ब्यवसाय प्रवर्धन ऐन, २०७४
- बुद्धभूमी नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४ ।
- बुद्धभूमी नगरपालिकाको न्यायीक समितिले उजुरी कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४
- स्थानीय राजपत्रको नाम **बुद्धभूमी स्थानीय राजपत्र** नामाकरण गर्ने निर्णय गरियो साथै स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४, कार्यपालिकाबाट निर्णय गराई लागू गर्ने निर्णय गरियो ।
- यस नगरपालिका अन्तगत वडा नं. ४ को कार्यालय, स्वास्थ्य चौकी तथा वर्थिङ्ग सेन्टरका लागि हाल सम्म भवन नभएकाले वडा नं. ४ स्थित डेउरी तालको बाटोको दक्षिण तर्फको ऐलानी जगा करिब १० कट्टा भन्दा बढीमा स्वास्थ्य चौकी तथा वर्थिङ्ग सेन्टरको लागि छुट्याउने र सोही स्थानमा उक्त संस्थालाई भवन निर्माण गर्नका लागि आवश्यक रकम (बजेट) व्यवस्थापन गर्नको लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**३. विविध**

- २०७०।०४।३० गते रु.३६,१०,०००।- को ८ किस्तामा सम्झौता भएको प्रतापपुर तालको म्याद थप सम्बन्धमा निजले सो ठेक्का वापतको कूल मध्ये पाँचौ किस्ता समेत हालसम्मको बक्यौता रकम रु.१८,०५,०००।- एकमुस्ट रुपमा यस नगरपालिकाको संचितकोषमा एक हप्ताभित्र रकम जम्मा गरि भौचर पेश भएमा र किस्ता अनुसारको रकम नियमित बुझाउने प्रतिबद्दता भएमा सम्झौतामा २ बर्ष थप गरि (बि.सं.२०८२ सम्म) म्याद थप गर्ने निर्णय गरियो ।

**केशव कुमार श्रेष्ठ**
**नगर प्रमुख**

Scanned by CamScanner

४. यस बुद्धभुमी नगरपालिकाको प्रथम नगर सभाबाट आ.व. २०७४/०७५ को कार्यक्रम तर्फ कृषि –पशु शाखाको तपसिलका कार्यक्रमहरु समावेश नभई छुट हुन गएको देखिएबाट कृषि/ पशु जस्ता महत्वपूर्ण विषयहरुको अति आवश्यक कार्यक्रमहरुलाई वित्तीय समानीकरण अनुदान तर्फको लागत सहभागिता तर्फको क्र.स. ५ को (५०/५०) निर्शत अनुदान मध्येबाट उक्त दुवै शाखाहरुबाट तपसिलका कार्यक्रम सञ्चालनका लागि रकम उपलब्ध गराउने भनी कार्यपालिका बैठकबाट निर्णय भएको हुँदा उक्त योजना तथा कार्यक्रमहरुलाई नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

## कृषि शाखा तर्फको योजना तथा कार्यक्रमहरु

| क्र.स. | योजना तथा कार्यक्रमको विवरण | योजना तथा कार्यक्रम संचालन हुने | | लागत सहभागिता | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | बुद्धभूमी न.पा. वडा नं. | स्थान | नगरपालिका अनुदान | आन्तरिक अनुदान | जम्मा | |
| १ | पुराना पकेट आ.व. २०७३/०७४ मा छनौट भएका कृषक समूह, सहकारी संस्था लि. लाई अनुदान | १-१० | नगरस्तरीय | ५०००००।०० | ०।०० | ५०००००।०० | |
| २ | नयाँ ब्लक कार्यक्रम | १-१० | नगरस्तरीय | ८०००००।०० | ०।०० | ८०००००।०० | |
| ३ | उन्नत तरकारी विउ वितरण कार्यक्रम | १-१० | नगरस्तरीय | १६६०००।०० | ०।०० | १६६०००।०० | |
| ४ | तरकारी प्याकेज प्रर्दशन | १-१० | नगरस्तरीय | ५००००।०० | ०।०० | ५००००।०० | |
| ५ | सुक्ष्म तत्व वितरण | १-१० | नगरस्तरीय | २००००।०० | ०।०० | २००००।०० | |
| ६ | वाली संरक्षण सेवा | १-१० | नगरस्तरीय | ३००००।०० | ०।०० | ३००००।०० | |
| ७ | कन्ये च्याउ वितरण | १-१० | नगरस्तरीय | ३००००।०० | ०।०० | ३००००।०० | |
| ८ | उन्नत विउ वितरण (तोरी १००, मसुरो ६०, चना ६०) | १-१० | नगरस्तरीय | ४३०००।०० | ०।०० | ४३०००।०० | |
| ९ | आलु विउ वितरण टिपीएस पहिलो पुस्ता | १-१० | नगरस्तरीय | १५०००।०० | ०।०० | १५०००।०० | |
| १० | तरकारीको उन्नत विउविजन सुक्ष्मतत्व र विषादी वितरण | १-१० | नगरस्तरीय | ४४०००।०० | ०।०० | ४४०००।०० | |
| ११ | कार्यक्रम अवलोकन भ्रमण | १-१० | नगरस्तरीय | ५००००।०० | ०।०० | ५००००।०० | |
| १२ | ढुवानी अनुदानमा फलफुल विरुवा वितरण | १-१० | नगरस्तरीय | २५०००।०० | ०।०० | २५०००।०० | |
| १३ | घुम्ती स्थलगत तालिम | १-१० | नगरस्तरीय | १४००००।०० | ०।०० | १४००००।०० | |
| १४ | कम्प्युटर, प्रिन्टर, इन्टरनेट खरिद तथा संचालन | १-१० | नगरस्तरीय | १४७०००।०० | ०।०० | १४७०००।०० | |
| १५ | विज वृद्धि कार्यक्रम – धान र गंहुको मूल वीउ ७५ प्रतिशत अनुदानमा वितरण | १-१० | नगरस्तरीय | ६६०००।०० | ०।०० | ६६०००।०० | |
| १६ | नतिजा प्रदर्शन (धान ११, गंहु ११) | १-१० | नगरस्तरीय | ४४०००।०० | ०।०० | ४४०००।०० | |
| १७ | विउ ढुवानी | १-१० | नगरस्तरीय | १५०००।०० | ०।०० | १५०००।०० | |
| १९ | उन्नत विउ वितरण ७५% अनुदान कार्यक्रम धान, गहुँ | १-१० | नगरस्तरीय | ६५०००।०० | ०।०० | ६५०००।०० | |
| २० | वाली संरक्षण सेवा | १-१० | नगरस्तरीय | ५००००।०० | ०।०० | ५००००।०० | |
| २१ | उन्नत वीउ किट वितरण ( मकै 50, तोरी 30, मुसुरो 50, वोडी 25, रहर 45 ) | १-१० | नगरस्तरीय | ३००००।०० | ०।०० | ३००००।०० | |

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२ | उन्नत बीउ वितरण 50 प्रतिशत अनुदानमा (धान १, गहुँ १) | १-१० | नगरस्तरीय | ७०००0100 | 0100 | ७०००0100 | |
| २३ | कार्यक्रम ढुवानी | १-१० | नगरस्तरीय | २०००0100 | 0100 | २०००0100 | |
| २४ | संचार महशुल | १-१० | नगरस्तरीय | १०००0100 | 0100 | १०००0100 | |
| २५ | ईन्धन | १-१० | नगरस्तरीय | १०००0100 | 0100 | १०००0100 | |
| २६ | विविध खर्च | १-१० | नगरस्तरीय | १५०००100 | 0100 | १५०००100 | |
| २७ | बाली संरक्षण सेवा | १-१० | नगरस्तरीय | ३०००0100 | 0100 | ३०००0100 | |
| २८ | शतप्रतिशत अनुदानमा सुक्ष्मतत्व जिंक वितरण | १-१० | नगरस्तरीय | ४५०००100 | 0100 | ४५०००100 | |
| २९ | कार्यक्रम ढुवानी | १-१० | नगरस्तरीय | २०००0100 | 0100 | २०००0100 | |
| | जम्मा | | | २५५००००100 | 0100 | २५५००००100 | |

## पशु तर्फको कार्यक्रमहरू

| | | |
|---|---|---|
| | कार्यालय सम्बन्धि खर्च कार्यक्रम | |
| १ | संचार | १०००० |
| २ | इन्धन | १०००० |
| ३ | स्टेशनरी समाग्री खरिद तथा छपाई | ५५००० |
| | औषधी खरिद | ४००००० |
| | पूँजिगत सामान खरिद | |
| १ | बडीजो कास्टेटर सानो मेशीन खरीद | १८००० |
| २ | बडीजो कास्टेटर ठुलो मेशीन खरिद | २५००० |
| ३ | प्रयोगशाला सामाग्री बाल्टि मग गिलास, सलाइड, गिथाइलिनं ब्लू जाली र अन्य सामाग्री खरिद | ३०००० |
| | कार्यालय सामाग्री खरिद | |
| १ | कम्प्युटर प्रिन्टर, इन्टरनेट र टेबल खरिद सञ्चालन | २०९००० |
| | जनचेतना मुलक कार्यक्रम | |
| १ | पशु बिमा सम्बन्धि अभिमुखीकरण गोष्ठी (फिल्ड स्तर) | ६०००० |
| २ | जुनोटिक रोग बारे जनचेतना अभिमुखीकरण गोष्ठी | २०००० |
| ३ | बाखामा आन्तरिक तथा वाह्य परजीवीको नियन्त्रण शिविर (फिल्ड स्तर) | २००००० |
| | छाडा पशु नियन्त्रण कार्यक्रम | |
| १ | मासिक / चौमासिक प्रगति तयारी तथा प्रेषण | २०००० |
| २ | अन्तर जिल्ला कृषक तथा स्टाफ, जनप्रतिनिधि अवलोकन भ्रमण | १००००० |
| ३ | स्थलगत घुम्ति पशु पालन तालिम (१ दिने) | ५०००० |
| ४ | गाइ, भैंसी बाझोपन निवारण (फिल्ड स्तर) | २०००० |
| ५ | उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | ५०००० |
| ६ | यातायात साधन मर्मत खर्च | ४०००० |
| पशु विकास सेवा कार्यक्रम | | |
| १ | व्यसायिक लेयर्स कुखुरा फार्म सुधार कार्यक्रम | २००००० |
| २ | कार्यक्रमका लागि प्रस्तावना माग सुचना प्रकाशन बैठक संचालन | ३०००० |
| ३ | पशु विकास कार्यदल गठन | १०००० |
| | पशु स्वास्थ्य सेवा नियमन कार्यक्रम | |
| १ | पशु औषधि पसल, पशुपंक्षी फार्म, मासु पसल, डेरी पसल, बध स्थलको नियमित अनुगमन तथा प्रतिवेदन तयार | ३५००० |
| २ | पशु स्वास्थ्य नियमन अन्तर्गत ईंधन | १५००० |
| | पशु आहार सेवा कार्यक्रम | |
| १ | हिंउदे जइ घाँस बिउ खरिद तथा ढुवानी | ४०००० |
| २ | बर्सीम घाँसको बिउ खरिद, ढुवानी तथा वितरण | ६०००० |
| ३ | टिओसेन्टी / बाजरा घाँसको बिउ तथा ढुवानी | ४५००० |

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

| | | |
|---|---|---|
| ४ | स्लीप शेड्स खरिद तथा ढुवानी | |
| | **पशु पंक्षी बजार प्रवर्द्धन कार्यक्रम** | ४४००० |
| १ | साना मासु पसल सुधार कार्यक्रम | |
| २ | साना डेरी पसल सुधार कार्यक्रम | |
| ३ | छनोट समिति गठन | |
| | **पशु विकास सेवा (गाई भैंसी प्रवर्द्धन)** | |
| १ | युवा लक्षित (गाइ भैंसी नश्ल) | १०५००० |
| २ | उन्नत गाइ भैंसी स्रोत विकास फलोअप कार्यक्रम | १००००० |
| ३ | प्रजनन योग्य गंगो साढे हुर्काउने फलोअप कार्यक्रम | १२८००० |
| ४ | मासुको लागि पाडा हुर्काउने फलोअप कार्यक्रम | २११००० |
| ५ | ए.आइ.मिशन कार्यक्रम | ५०००० |
| | पशु प्रजनन तथा नस्ल सुधार कार्यक्रम | |
| | कृत्रिम गर्भधानका लागि सामाग्री खरिद | ६०००० |
| | **पशु विकास सेवा (बंगुर कुखुरा)** | |
| १ | युवा लक्षित बंगुर/कुखुरा फलोअप कार्यक्रम | १००००० |
| | जम्मा | २५५०००० |

**५. नगरपालिकाको हालसम्मको आम्दानी खर्चको विवरणको समिक्षा गरि जानकारी गराईयो ।**

**i. आम्दानी:**

- राजश्व परामर्श समितिको बैठकमा पेश भएको राजस्व
- लक्ष्य ३ करोड थियो जस मध्ये माघ महिनासम्मको आम्दानी
- ७७,००,२४२।– (२६% मात्र प्रगति)

**ii. खर्च**

- वित्तिय समानिकरण तर्फ २ करोड
- शसर्त अनुदान तर्फ करीव ८ करोड

६. **नगरपालिकाको बार्षिक उत्सव सम्बन्धमा:** यस बुद्धभूमी नगरपालिकाको स्थापना मिति:२०७३।११।२७ गते भएकोले आज मिति २०७४ फागुन २७ गतेका दिन यस नगरपालिकाको नगर सभाको साथै बार्षिकोत्सव भव्य रूपमा मनाइयो ।

७. माथिका दोस्रो नगर सभाबाट संशोधन गरिएका केही बजेट शीर्षकहरू रकमान्तर शीर्षक, बजेट शीर्षकका नीति तथा कार्यक्रम थपघट, विभिन्न योजनाका केही योजनाहरूको शीर्षक संशोधन गरिएता पनि प्रथम नगर सभाको कुल आय, व्यय तथा जम्मा बजेट रू. ६४,२२,८७,२३०।९८ (चौसठ्ठी करोड बाईस लाख, सतासी हजार दूई सय तीस पैसा अन्नठन्नवे मा) कुनै थपघट नहुने गरी संशोधन गर्ने निर्णय गरियो ।

८. कन्टेन्जेन्सीबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको सि.नं.१९ को भू-उपयोग गुरुयोजना र २० को फोहोरमैला व्यवस्थापन गुरुयोजनाको कार्यक्रम हाललाई गर्न नसक्ने अवस्था भएकोले सो शिर्षकलाई संशोधन गरी भू-उपयोग गुरुयोजना शिर्षकबाट रु. ७,००,०००।- र फोहोरमैला व्यवस्थान गुरुयोजनाबाट रु. १,५०,०००।- गरी ८,५०,०००।- बजेट व्यवस्थापन गरी नगर प्रोफाइल तयारी शिर्षक थप गरी रकमान्तरण गर्ने निर्णय गरियो ।

९. यस नगरपालिकाको प्रथम नगर सभा पछि हाल सम्म भएका कार्यपालिका तथा अन्य सम्पूर्ण बैठकका निर्णयहरुलाई यसै नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

१०. बुद्धभूमी नगरपालिकाको प्रथम नगर सभाबाट स्वीकृत भएका पूर्वाधार तर्फका ठूला तथा साना योजना तथा कार्यक्रमहरु ठेक्का पट्टा/बोलपत्रबाट सञ्चालन गर्दा ठेकेदारहरूबाट घटीघटाउमा जाँदा स्वीकृत योजनाहरुबाट बचत हुन गएको रकमलाई कार्यपालिका बैठकबाट पूर्वाधार तर्फका सोही तथा अन्य योजना तथा कार्यक्रमहरु निर्णय गराई प्रचलित नियम अनुसार कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने र उक्त कार्यपालिका बैठकबाट भएको निर्णयहरूलाई अगामी तेस्रो नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

११. वित्तीय तर्फका योजना तथा कार्यक्रममा ३७,०९,६७,२३०।९८ बराबरको कार्यक्रम बनेकोमा वित्तीय समानीकरण बजेट रू. ३४,५२,५०,०००।- मात्र भएकोले बढी भएको रकम रू. २,४२,१७,२३०।९८ आन्तरिक तर्फ सडक स्तरउन्नती

**केशव कुमार श्रेष्ठ**
**नगर प्रमुख**

Scanned by CamScanner

ग्रावेल तथा कालो पत्रे निर्माण चेतरादेही धनकौली, महुवा, नयाँनगर, दरखसवा, चरीगवा, पचिगवा सडक योजनामा समावेश गर्ने ।

१२. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि ऐन पारित गर्ने निर्णय गरियो ।

१३. प्रथम नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरु को सम्झौत फागुन मसान्त सम्म भएकोमा सो अवधि बढाई २०७४ बैशाख १५ (पन्ध्र) सम्म गर्ने निर्णय गरियो ।

प्रमाणित गर्नेको

केशव कुमार श्रेष्ठ
नगरप्रमुख

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner